प्रदेशसरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

हेटौंडा, नेपाल

प.सं.-क/३/१/५/२०७८/०७९
च.नं.- ६३५

मितिः २०७९/०८/१३

विषयः- वैदेशिक अध्ययन/तालिम छात्रवृत्तीमा कर्मचारी मनोनयन गर्ने सम्बन्धमा।

**श्री प्रदेश मन्त्रालयहरू (सबै),**
**श्री प्रदेश सभा सचिवालय,**
**श्री प्रदेश लोक सेवा आयोग।**

प्रस्तुत विषयमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७९/०८० च.नं. २५४ मिति २०७९।०८।०९ को "Nepal public Service Reforms and Innovation Seminar" online Trading /China (2022) वैदेशिक अध्ययन/ तालिम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा" विषयक पत्र यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभइ पत्रमा उल्लेखित विवरण आफू कार्यरत मन्त्रालयको सिफारिस सहित इच्छुक कर्मचारीहरुले तोकिएको समयभित्र यस कार्यालयमा प्राप्त हुने गरी निवेदन दिनुहुन निर्देशानुसार अनुरोध छ ।

(बिनोद पौडेल)
अधिकृत सातौं

<u>बोधार्थः</u>
श्री सूचना तथा सञ्चार शाखा
-कार्यालयको Website मा Upload गरीदिनुहुन ।

फोन नं.:०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइट:www.ocmcm.bagamati.gov.np इमेल:ocmcm.bagamati@gmail.com

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

जनशक्ति व्यवस्थापन तथा विकास शाखा

फोन { ४२००५०५
४२००२११
४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०७९/८०

चलानी नं.:- २२८

मिति: २०७९/०८/०९

विषय:- वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातैवटा प्रदेश)

तपसिल अनुसारको अध्ययन/तालिम कार्यक्रममा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७९/०८/०१ मा बसेको ३५६ औं बैठकबाट तपसिल बमोजिम निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपयुक्त कर्मचारी मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थको सम्बन्धमा अर्थ मन्त्रालयको अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

छात्रवृत्ति मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणी भित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबैभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिल:

| क्र. सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमणको विषय | सिट संख्या | अवधि/ Deadline | कार्यक्रम हुने देश/संस्था | आवश्यक योग्यता वा अन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्ने प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | "Nepal Public Service Reforms and Innovation Seminar"<br><br>Online Training | 30(Thirty) | December 1- December 30, 2022 | China/International, Hong kong, and Macao Training Center, National Academy of Governance | • Should be officials of Nepalese government departments.<br>• Age: Should not be older than the legal retirement age of the recipient country.<br>• Should be Healthy.<br>• Should be Proficient in English. | सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३/ जना, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र स्थानीय त समेतबाट ९ जना उपयुक्त कर्मचारी मनोनयन गर्ने । |

(किरण थापा)

शाखा अधिकृत

श्री प्रशासन

हेटौंडा

दर्ता नं.: २०९

२०७९।०८।११